सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुर

(विषय: अभियोग पत्र दायर गरिएको)

प्रेस विज्ञप्ति

मिति: २०८०/६/२३

वीमा समितिबाट प्राप्त प्रतिवादी सपना मल्ललेे मृतक सर्जन वि.क.को नामको दावी गरी भुक्तानी लिएको वीमा वापतको रकम उपर सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान प्रयोजनार्थ प्राप्त सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी सपना मल्ललेे सर्जन वि.क.सँग विवाह गराई समेत विवाह दर्ता भएकै दिन निज सर्जन वि.क. को जीवन वीमा गराई वीमा एजेन्ट समेतको मिलेमतोमा सो वीमा भएको करिव २ महिना पश्चात सवारी साधन प्रयोग गरी निज सर्जक वि.क.को हत्या गराई वीमा वापतको रकम हकवाला एवं इच्छाइएको व्यक्तिको हैसियतमा प्रतिवादी सपना मल्ललेे अन्य सहप्रतिवादीहरु दिपक के.सी., संजीव अर्याल समेतको मिलीभगतमा दावी गरी भुक्तानी लिई सो रकम कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी सो रकमको गैरकानूनी स्रोत लुकाउन छल्नका लागि उक्त रकमको तहह-तह कारोवार गरी कसुर र सम्पत्तिका वीच दूरी कायम गराउने प्रयास गर्दै प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुची दफा २ को खण्ड (श) को (क),(झ),(ञ) (ढ) र (भ) मा उल्लेखित सम्बद्ध कसुर गरी सो कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने साथै कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत, अधिकार एवं सो उपरको स्वामित्व एवं अधिकार लुकाउने र कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी त्यस्तो सम्पत्ति प्राप्ति, धारण र प्रयोग गर्ने समेतका सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएकाले **प्रतिवादीहरु सपना मल्ल उपर** वीगो रु. २,५०,००,०००।- (अक्षेरुपी दुई करोड पचास लाख रुपैया) **प्रतिवादी सन्जीव अर्याल** विगो रु. ८०,३६,०००।- (अक्षेरेपी असी लाख), **प्रतिवादी छबी कुमारी खत्री उपर** विगो रू.१७,४६,०००।- (अक्षेरेपी सत्र लाख छ्यालिस हजार रुपैयाँ) **प्रतिवादी दिपक के.सी.उपर वीगो रु.** रु. ६०,००,०००।- (अक्षेरेपी साठी लाख) **प्रतिवादी सरदार अहमद खाँ उपर** विगो रु.२०,००,०००।- (अक्षेरुपी बीस लाख) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन र प्रतिवादीहरुका नाउँको कसुरबाट प्राप्त रकम जफत हुन मागदावी लिई र प्रतिवादी **रुपक राना भन्ने टोप बहादुर राना क्षेत्री उपर** प्रतिवादी सपना मल्ललाई दाबी गरिएको दफा ३०(१) बमोजिम हुने सजायको आधा सजाय हुन मागदावी लिई आज सम्मानित विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

सूचना अधिकारी